तपाईंको रोजगारदाताले तपाईंलाई शोषण गरेको र फिनल्याण्डमा तपाईंको निवास अनुमतिपत्र भएको अवस्थामा, तपाईं नयाँ अनुमतिपत्र वा प्रमाणपत्रको लागि आवेदन दिन सक्नुहुन्छ

आफ्नो रोजगारदाताद्वारा शोषण भएका व्यक्तिहरूको अवस्था 1 अक्टोबर 2021 मा लागू भएको विदेशी ऐनमा गरिएका संसोधनहरूका अनुसार सुधार हुने छ।

तपाईंको रोजगारदाताले तपाईंलाई शोषण गरेको वा आफ्ना दायित्वहरूलाई उल्लेखनीय हदसम्म उपेक्षा गरेको अवस्थामा, तपाईं विस्तारित अनुमतिपत्र वा विस्तारित काम गर्ने अधिकारको प्रमाणपत्रको लागि आवेदन दिन वा आफ्नो रोजगारदाता परिवर्तन गर्न सक्नुहुन्छ। यसो गर्नका लागि, तपाईंसँग फिनल्याण्डमा काम गर्ने अधिकार सहितको निवास अनुमतिपत्र हुनुपर्दछ।

तपाईं मौसमी कार्यको प्रमाणपत्रका साथ वा निवास अनुमतिपत्र बिना फिनल्याण्डमा काम गरिरहेको भएमा तपाईं यो अनुमतिपत्र वा प्रमाणपत्रको लागि आवेदन दिन सक्नुहुन्न।

तपाईंलाई रोजगारदाताद्वारा शोषण गरिएको कारण विस्तारित अनुमतिपत्र वा विस्तारित काम गर्ने अधिकारको प्रमाणपत्र प्रदान गरिएको छ भने, तपाईं आफ्नो रोजाइको कुनै पनि क्षेत्रमा काम गर्न सक्नुहुन्छ। अर्को शब्दमा भन्नुपर्दा, तपाईंसँग असीमित काम गर्ने अधिकार हुने छ।

रोजगारदाताद्वारा शोषण भएको कारण विस्तारित अनुमतिपत्र वा प्रमाणपत्रको लागि कसरी आवेदन दिने

तपाईंको वर्तमान निवास अनुमतिपत्रको म्याद समाप्त हुन लागेको छ र तपाईंले अझै नयाँ रोजगारदाता पाउनुभएको छैन भने, विस्तारित अनुमतिपत्रको लागि आवेदन दिनुहोस्

विस्तारित अनुमतिपत्र काम खोज्ने वा कुनै व्यवसाय सुरु गर्ने उद्देश्यका लागि प्रदान गरिन्छ र यो एक वर्षको लागि मान्य हुन्छ। तपाईंको अघिल्लो निवास अनुमतिपत्रको म्याद समाप्त भएपछि यो अनुमतिपत्र मान्य हुन्छ। रोजगारदाताद्वारा शोषण भएको कारण विस्तारित अनुमतिपत्रको लागि कसरी आवेदन दिने भन्ने सम्बन्धी निर्देशनहरू पढ्नुहोस्।

तपाईंसँग मान्य निवास अनुमतिपत्र छ र तपाईंले नयाँ रोजगारदाता पाउनुभएको छ भने, प्रमाणपत्रको लागि आवेदन दिनुहोस्

विस्तारित काम गर्ने अधिकारको प्रमाणपत्र भएमा तपाईंलाई आफ्नो पुरानो रोजगारदाता छोड्न र नयाँ रोजगारदाताको लागि काम सुरु गर्न सजिलो हुन्छ। रोजगारदाताद्वारा शोषण भएको कारण विस्तारित काम गर्ने अधिकारको प्रमाणपत्रको लागि कसरी आवेदन दिने भन्ने सम्बन्धी निर्देशनहरू पढ्नुहोस्।

रोजगारदाताबाट उल्लेखनीय उपेक्षा र शोषणको अर्थ, उदाहरणका लागि निम्न कुराहरू हुन सक्छन्:

- तपाईंलाई अनुचित रूपमा लामो समयसम्म काम गर्न लगाउने;
- तपाईं आफ्नो रोजगार करारमा सहमत भए अनुसारको तलब तपाईंलाई दिइएको छैन;
- तपाईं वा तपाईंको परिवारको जीवन वा स्वास्थ्यलाई खतरामा पार्ने।

रोजगारदाताबाट कस्तो किसिमको उल्लेखनीय उपेक्षा वा शोषण हुन सक्छ भन्ने उदाहरणहरूको थप विस्तृत सूची।

फिनल्याण्डमा कुनै पनि काम गर्दा फिनिश कानुनको अनुपालना गर्नुपर्दछ। यसको अर्थ अन्य कुराहरू बाहेक, कुनै पनि कर्मचारीलाई कम भुक्तानी दिइनुहुँदैन वा काम गर्ने वातावरण जोखिमपूर्ण हुनुहुँदैन।